पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ २१ गते सोमबार ❑ 3 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## आगामी निर्वाचनमा बहुमत ल्याउने गरी सङ्गठन निर्माणमा लागौँ: सभापति देउवा

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीका नेता तथा कार्यकर्ता एकताबद्ध भएर क्रियाशील हुन आग्रह गर्नुभएको छ।

कांग्रेस पोखरा महानगर कार्यसमितिको तेस्रो सम्मेलनको आइतबार पोखरामा उद्घाटन गर्दै उहाँले आगामी निर्वाचनमा पार्टीले बहुमत ल्याउने गरी पार्टी सङ्गठन निर्माणमा हालैदेखि क्रियाशील बन्न सबैलाई आग्रह गर्नुभएको हो।




सभापति देउवाले पर्यटकीय नगरी पोखरामा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढी हुने भएकाले यहाँको सुन्दरतालाई जोगाई राख्नुपर्नेमा समेत जोड दिनुभयो । उहाँले पोखरालाई पर्यटकीय राजधानी घोषणासँगै यहाँ आवश्यक पूर्वाधार विकासमा पनि त्यतिकै ध्यान दिन जरूरी रहेको र अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनका लागि तत्काल काम गर्नुपर्ने धारणा राख्नुभयो । "पर्यटकीय नगरी पोखरामा आउने पर्यटकले आवयक सुविधा प्राप्त गर्नुपर्छ । त्यसका लागि यहाँ रहेको विमानस्थलबाट अन्तरराष्ट्रिय उडान सञ्चालन गरिनुपर्छ। पोखराको सुन्दरतालाई जोगाउनका साथै यहाँको समग्र विकासका लागि कांग्रेसले नेतृत्वदायी भूमिका खेल्न सक्नुपर्छ", सभापति देउवाले भन्नुभयो। कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्यायले पार्टीका नेता तथा कार्यकर्ताले आफूलाई भन्दा पनि पार्टी र राष्ट्रलाई केन्द्रमा राखेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । अर्का सहमहामन्त्री जीवन परियारले पार्टीको महानगर समितिको सभापतिलाई पदेन महाधिवेशन प्रतिनिधिका रूपमा रहनेगरी विधानमा व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले पार्टीको सङ्गठन बलियो बन्नका लागि तल्लो टोल कार्यसमितिलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो । कांग्रेस प्रवक्ता डा प्रकाशशरण महतले पार्टीबाट भए गरेका कामलाई सामाजिक सञ्जालको माध्यमबाट जनमानसमा पुऱ्याउन सकारात्मक भूमिका खेल्न सबैलाई आग्रह गर्नुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आफू नेतृत्वको सरकारले असल मनसायका साथ जनताको पक्षमा काम गरिहेको र ती काम प्रचारमा सबैले सहयोग गर्नुपर्ने धारणा राख्नुभयो। नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पार्टीले स्थापनाकालीन राष्ट्रियता, प्रजातन्त्र र समाजवादका साथै धार्मिक स्वतन्त्रताको आदर्शलाई आत्मसात् गर्दै अघि बढ्नुपर्ने बताउनुभयो । कांग्रेस पोखरा महानगर सभापति सुरेन्द्रमान बिजुक्छेले महानगर समितिलाई बलियो बनाउनुपर्ने बताउनुभयो। कार्यक्रममा पार्टीका केन्द्रीय सदस्यहरू नैनसिंह महर, गोविन्द भट्टराई, पूर्वमन्त्री यज्ञबहादुर थापालगायतले पार्टीलाई एकताबद्ध रूपमा अघि बढाउनका लागि केन्द्रदेखि तल्लो निकायसम्मका नेता तथा कार्यकर्ता आ-आफ्ना स्थानबाट लाग्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा महानगरपालिकाको पूर्वकार्यसमितिका साथै साबिक पोखरा र लेखनाथ नगरसमितिका सभापतिहरूलाई सम्मान गरिएको थियो।

## सञ्चारमन्त्री गुरुङद्वारा मर्स्याङ्दी गाउँपालिकाको भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
लमजुङ, २० माघ

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मुलुकलाई सही दिशामा ल्याएपछि मात्रै नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धन टुङ्गिने बताउनुभएकोछ।



लमजुङस्थित मर्स्याङ्दी गाँउपालिकाको नवनिर्मीत प्रशासकीय भवन उद्घाटन पछि सञ्चार मन्त्री गुरुङले मुलुक असफल हुनबाट जोगाउन दुई ठुला दल एक जुट हुनुपरेको धारणा राख्नुभयो । सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार मन्त्री गुरुङले ठुला दलबीच गठबन्धन गर्नुपर्ने अवस्था आउनुको कारण विगतमा अस्थिर र बेथीतिको सत्ता शासन प्रवृत्ति रहेको उल्लेख गर्नुभयो। हालको गठबन्धन सरकारले जनतालाई सुशासन, सेवा, विकास र समृद्धिको बाटोतर्फ डोऱ्याउन खोजेको सञ्चार मन्त्री गुरुङको भनाइ थियो । यसै उद्देश्यका साथ सरकारले संसद्मा ल्याएको ६ अध्ययादेश जसरी पनि पास गराउनुपर्ने उहाँले बताउनुभयो । यद्यपी संसद्मा अध्ययादेशको विरोध गरेर प्रतिपक्षि दलले जनताको अहित गरिरहेको उहाँले बताउनुभयो।

"जनताको समृद्धि टेकेको अध्ययादेशको विरोध गर्नु ठिक होइन," सञ्चार मन्त्री गुरुङले भन्नुभयो, "मुलुकको विकास र उन्नती चाहनेले छिटोभन्दा छिटो अध्ययादेश पास गराउन सघाउनुपर्छ।"

अबको ६० दिनभित्र सरकारले ल्याएका अध्यायदेश पास गरेर नेपालमा सुशासन कायम गराउने सञ्चार मन्त्री गुरुङले बताउनुभयो । साथै उहाँले एमाले र कांग्रेसबीचको सात बुँदे सहमती पूरा नहुँदासम्म वर्तमान सरकार रहिरहने उहाँले बताउनुभयो । सहमति बुँदामा भएको महत्वपूर्ण विषय संविधान संशोधन रहेकाले यो गठबन्धन सरकारले संविधान संशोधनसमेत गर्ने सञ्चार मन्त्री गुरुङको भनाइ थियो। "सङ्घीय शासन प्रणाली लोकतन्त्रको प्रभावकारी शासन प्रणाली हो। संविधान संशोधन गरेर समय सापेक्ष बनाउन आवश्यक छ," उहाँले भन्नुभयो, "सबैको साझा सहमतिबाटै संशोधन प्रक्रिया पुरा गर्छौं।"

मन्त्री गुरुङले सञ्चार मन्त्रालयमार्फत नेपाललाई सूचनाप्रविधिको क्षेत्रमा अब्बल बनाउने, विद्युतीय शासन प्रणालीको अभ्यास गर्ने, सूचनाप्रविधिबाट रोजगारका सम्भावना खुलाउने, नेपाललाई इन्टरनेट सुविधा सम्पन्न बनाउनेलगायतका कार्य गर्दै आएको उहाँले बताउनुभयो।

## टाइगर कप भलिबल : पुरुषतर्फको उपाधि पुलिस क्लबलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

विभागीय टोली नेपाल पुलिस क्लबले पोखरामा आइतनबार सम्पन्न टाइगर कप भलिबलको उपाधि जितेको छ । पुलिस क्लबले घरेलु टोली गण्डकी प्रदेशलाई हराउँदै उपाधि जितेको हो।




'टाइगर ग्रुप अफ अफ पोखरा'द्वारा आयोजित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगितामा पुलिस क्लब च्याम्पियन बन्न सफल भएको हो । पोखरा रङ्गशालामा भएको फाइनल खेलमा पुलिसले गण्डकीलाई ३-१ सेटले पराजित गरेको हो। पुलिसले पहिलो, दोस्रो र चौथो सेटमा जित निकालेको हो। उसले पहिलो सेट २५-२३ अङ्कले तथा दोस्रो सेट २५-२१ अङ्कले जितेको हो। तेस्रो सेट गण्डकीले २५-२० अङ्कले जित्यो। चौथो सेट २५-२२ अङ्कले जित्दै पुलिस क्लबले उपाधि चुमेको हो। उपाधिसँगै पुलिसले रु पाँच लाख ८५ हजार पाँच ५५ ट्रफी र मेडल प्राप्त गऱ्यो। उपविजेता गण्डकीले रु दुई लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पायो।

यसअघि आजै सम्पन्न महिलातर्फको उपाधि आयोजक टाइगर ग्रुपले जित्यो । उसले विभागीय टोली सशस्त्र प्रहरीको एपिएफ क्लबलाई ३-२ सेटमा पराजित गरेको हो। टाइगर ग्रुपले रु पाँच लाख ८५ हजार पाँच सय ५५ र उपविजेता एपिएफले रु दुई लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पायो।

पहिलो सेट १७-२५ अङ्कले गुमाएको आयोजक टोलीले दोस्रो सेट २९-२७ अङ्कले आफ्नो पक्षमा पारेको थियो । तेस्रो सेट २१-२५ अङ्कले एपिएफले जित्यो । आयोजक टोलीले चौथो सेट २५-१६ अङ्कले जित्यो। अन्तिम सेट आयोजक टाइगर गुपले १५-१३ अङ्कको जितेर उपाधि चुमेको हो।

## महिला अन्तर्राष्ट्रिय क्रिकेट: नेपालको तेस्रो हार

**रासस**
काठमाडौं, २० माघ

राजधानीमा जारी महिला टी-२० शृङ्खलामा नेपालले लगातार तेस्रो हार बेहोरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नेदरल्याण्ड्सविरुद्धको खेलमा नेपाल १५ रनले पराजित भएको हो।

जितका लागि एक सय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण गरौं

◆संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरुको संरक्षण गर्नु हाम्रो दायित्व हो,
◆साँस्कृतिक विविधता वीच एकता कायम राखौं,
◆सांस्कृतिक धरोहरहरूको प्रचारप्रसार र सुरक्षा गरौं,
◆सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
◆सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं, साँस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सहकारी ठगी आरोपमा म्याग्दीका जिसस प्रमुखसहित पाँचजना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

सहकारी ठगीको आरोपमा म्याग्दी जिल्ला समन्वय समितिका प्रमुखसहित पाँचजना पक्राउ परेका छन्।

बेनीनगरपालिका-८मारहेको कुमारी बहुउद्देश्यीय सहकारी संस्थाका बचतकर्ताहरूको बचत रकम हिनामिना गरेको आरोपमा जिसस प्रमुख राजकुमार थापासहित सहकारीका पाँच जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । थापासहित सहकारीका तत्कालीन व्यवस्थापक तथा सञ्चालक समितिमा रहेका मनप्रसाद थजाली, थमबहादुर गर्बुजा, रुद्रबहादुर गुरुङ र देवीकुमारी थापालाई पक्राउ गरी आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक सागर पौडेलले जानकारी दिनुभयो । सहकारी रजिष्ट्रार कार्यालय पोखराले गरेको छानबिनका क्रममा उक्त सहकारीका बचतकर्ताहरूको रकम दुरुपयोग गरेको भेटिएको र आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयलाई प्रतिवेदन पठाएको थियो। त्यसै आधारमा जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ




पोखराको ड्याम साइड क्लवको आयोजनामा आइतबारदेखि चौथो सस्करणको अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८१ सुरु भएको छ। पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा सुरु भएको प्रतियोगिता गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा आइतबार दुई खेल सम्पन्न भएका छन्।

आइतबार भएको उद्घाटन खेलमा शिशु निकेत माविले विजयी सुरुवात गरेको छ। शिशु निकेतले पोखरा किन्डरगार्डेन माविलाई टाईब्रेकरमा ५–३ को गोल अन्तरले पराजित गर्दै विजयी सुरुवात गरेको हो । २५/२५ मिनेटको निर्धारित समयमा दुबै तर्फ एक/एक गोलले खेल बराबरीमा टुंगिए पछि खेल टाईब्रेकरमा धकेलिएको हो । शिशु निकेतका आद्धित्य बराल र पोखरा किन्डरगार्डेनका चिन बहादुर थापाले एक एक गोल गर्नु भएको थियो । टाईब्रेकरमा पोखरा किन्डरगार्डेनका सफल थापाले प्रहार गरेको पेनाल्टी सुट शिशु निकेतनका गोलरक्षक सक्षम ढकालले उत्कृष्ट बचाउ गरी टिमलाई दोश्रो चरणमा पुर्‍याउनु भयो । शिशु निकेतका युनिक गुरुङ, आद्धित्य बराल, आविस्कार क्षत्री, उत्तम सुनार र सक्षम ढकालले पेनाल्टीमा गोल गर्दा पोखरा किन्डरगार्डेनका चिन बहादुर थापा, युजन गुरुङ, लोकेस बहादुर मगरले गोल गर्नुभयो। शिशु निकेतनका सक्षम ढकाल म्यान अफ दी म्याच घोषित हुनु भयो। दोश्रो खेलमा हिमालयन बोर्डिङ स्कुल विजयी भएको छ। हिमालयनले बिद्या निकेत माविलाई १-० को झिनो गोल अन्तरले पराजित गर्‍यो । हिमालयनको जितमा म्यान अफ दी म्याच घोषित बादल रानाले निर्णायक एक गोल गर्नु भएको हो। त्यसै गरी भोलि (सोमबार) पहिलो चरणका ४ खेल हुने भएको प्रतियोगिताका संयोजक विनोद परियारले बताउनु भयो।

यसैबिच, यही माघ २६ गतेसम्म संचालन हुने प्रतियोगिताको उद्घाटन पोखरा महानगरपालिका वडा नम्बर १७ का वडा अध्यक्ष राधिका कुमारी शाहीले गर्नु भएको थियो । कार्यक्रममा बोल्दै उहाँले फुटवल खेलको विकासको लागि क्लवले बिद्यालयस्तरकै फुटवल खेल आयोजना गर्दै आएकोले उक्त कार्यक्रमलाई सफल पार्न सहयोग गर्दै आएको बताउनु भयो।

क्लवका अध्यक्ष रमेश प्रसाद बरालको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा पोखरा १७ का वडा सचिव सुरेन्द्रराज शर्मा, वडा सदस्य एवं खेल समिति संयोजक बिक्रम गुरुङ, पोखरा महानगर खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष दिपक गोदार, क्लवका सचिव प्रमेन्द्र थापा, सदस्य सन्ध्या श्रेष्ठ लगायतले खेलका बारेमा वोल्नु भएको थियो । प्रतियोगितामा १९ वटा बिद्यालयको सहभागिता रहेको क्लवका निवर्तमान अध्यक्ष प्रताव गुरुङले बताउनु भयो। ७ दिनसम्म चल्ने प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएका छन्। हरेक खेलको म्यान अफ दी म्याच हुने खेलाडीलाई ट्रफी प्रदान गरिने भएको छ भने प्रतियोगितामा सर्वोउत्कृष्ट सहित सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेण्स, उत्कृष्ट मिडफिल्ड, उत्कृष्ट स्टाइकर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई समेत ट्रफी प्रंदान गरिने भएको क्लवका महासचिव राकेश श्रेष्ठले बताउनु भयो। त्यसै गरी प्रतियोगितामा अनुशासित टिम र उदीयमान खेलाडीलाई समेत पुरस्कार प्रदान गरिने भएको छ।

गत बर्षको विजेता शान्ति निकुन्ज बोर्डिङ स्कुल रहेको थियो । खेलकुदको शहर पोखरामा विगत २०५९ सालदेखि खेलकुद, पर्यटन र सामाजिक कार्यमा सक्रिय हुदै आएको क्लवले विश्वकै चर्चीत खेल फुटवल खेलको तल्लोस्तर (ग्रासरुट) बाट विकास गर्ने उद्धेश्यले विगत ३ बर्ष देखि उक्त प्रतियोगितालाई निरन्तरता दिदै आएको पूर्व अध्यक्ष पदम ढकालले जनाउनु भयो।

# नेकपा (एमाले) माछापुच्छ्रे-२ वडा कमिटीद्वारा वनभोज तथा कार्यकर्ता भेटघाट कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ



माछापुच्छे गाउँपालिका-२, सार्दीखोलामा नेकपा (एमाले) वडा कमिटीदले आयोजना गरेको बनभोज तथा कार्यकर्ता भेटघाट कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ।

कार्यक्रमको अध्यक्षता वडा कमिटीका अध्यक्ष लोक बहादुर घलेले गरेका थिए। कार्यक्रममा कास्की क्षेत्र न ३ का प्रतिनिधि सभा सदस्य पार्टीका नेता दामोदर पौडेल 'बैरागी' ले देश विकास निर्माण कार्य गर्न एमालेले मात्र सक्छ भन्ने पुष्टि भएको दावी गरे।उनले एमाले सरकारले शुरु गरेर रोकिएका विकास र निर्माण कार्य फेरी शुरु भएकोले सबैलाई एमालेमा गोलबन्द हुन आग्रह गरे। कार्यक्रमका विशेष अतिथि गण्डकी प्रदेश सभा सदस्य गणेश मान गुरुङले देश बन्छ र विकास र निर्माण कार्य गर्न सकिन्छ भन्ने उदाहरण अहिले थालिएका कामले देखाएको दावी गरे। एमाले सल्लाहकार परिषद सदस्य गुरुङ ले अबको विकास र समृद्धिको काम एमालेले गर्ने विश्वास व्यक्त गरे।नेकपा (एमाले) माछापुच्छे गाउँपालिका कमिटीका अध्यक्ष बिक्रम गुरुङ, प्रदेश कमिटीका पुर्व सदस्यहरु कास्की जिल्ला कमिटी सदस्य विष्णुप पोखेल लगायतको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमका विभिन्न मनोरञ्जनात्मक गतिविधि, संगठनात्मक सुदृढीकरण तथा आगामी योजनाहरूबारे छलफल भएको थियो । सहभागीहरूले एकआपसमा विचार आदान-प्रदान गर्दै पार्टी संगठनलाई थप बलियो बनाउने प्रतिवद्धता व्यक्त गरे। कार्यक्रमको सञ्चालन वडा कमिटी सचिव लिला क्षेत्रीले गर्नुभएको थियो। भने उपाध्यक्ष हर्क बहादुर तामाङ, वडा कमिटीका पुर्व अध्यक्ष हुकुम सिंह गुरुङले कार्यक्रमबारे प्रकाश पारेका थिए । कार्यक्रमपछि सहभागीहरूबीच सौहार्दपूर्ण वातावरणमा बनभोज कार्यक्रम सम्पन्न भएको थियो।

# राष्ट्रिय एकता बलियो बनाउन सामाजिक सञ्जाल विधेयक: सञ्चारमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ, २० माघ

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मुलुकको राष्ट्रिय एकता बलियो बनाउने उद्देश्यले सामाजिक सञ्जाल विधेयक, २०८१ ल्याइएको बताउनुभएको छ।

बेँसीसहरमा नेपाल प्रेस चौतारी नेपाल, जिल्ला शाखा लमजुङको आठौँ जिल्ला अधिवेशनको उद्घाटनका अवसरमा उहाँले लोकतन्त्रको मूलभूत सिद्धान्त, प्रेस स्वतन्त्रताको अभिव्यक्ति सिद्धान्तलाई आत्मसात गर्न र त्यसलाई थप व्यवहारिक रुपमा प्रभावकारी बनाउन उक्त विधेयक ल्याइएको बताउनुभयो। "विधेयक संसद्मा पेस भएको छ, त्यहाँ आवश्यक छलफल हुने नै छ", उहाँले भन्नुभयो, "राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता तथा राष्ट्रिय एकतालाई बलियो बनाउन विधेयक ल्याइएको हो ।" सामाजिक सञ्जाललाई नियमन र व्यवस्थित गर्न खोजिएको उल्लेख गर्दै उहाँले नियन्त्रण गर्ने उद्देश्य नभएको स्पष्ट पार्नुभयो। "मौलिक हकका रुपमा रहेको सूचनाको हकलाई कुण्ठित हुने विषयमा सरकार सचेत छ, जनताको अभिव्यक्ति र प्रेस स्वतन्त्रतासम्बन्धी कुण्ठित नहुने गरी विधेयक पेस गरिएको छ", उहाँले भन्नुभयो । उहाँले प्रेस चौतारीले मुलुक र समाजका लागि खेलेको भूमिका राम्रो रहेको भन्दै प्रशंसा गर्नुभयो।

पत्रकारहरुले लोकतन्त्रका पक्षमा रहेर समृद्धि, सभ्य समाज निर्माणका लागि लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो।

# अली मियाँ स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबलको उपाधि रामघाटलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ




लोक कवि अली मियाँ स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिताको उपाधि रामघाट एफसी (सेतो)ले जितेको छ।

आइतबार पोखरा-१३ मा रहेको माछापोखरी फुटबल मैदानमा भएको फाइनल खेलमा लिभिक एफसी (बी) लाई ट्राइवेकरमा २-३ को गोल अन्तरले हराउँदै रामघाटले उपाधि हात पारेको हो । निर्धारित समयसम्म दुवै टीमबाट गोल हुन नसक्दा उपाधीको छिनोफानो टाइब्रेकरबाट भएको थियो। गोलकिपर प्रविन गुरुङले लिभिकका खेलाडीको प्रहार रोक्न सफल हुदाँ रामघाटले उपाधि जित्न सफल भयो । जीतसँगै रामघाटले १ लाख ४० हजार सहित प्रतियोगिताको ट्रफि हात पारेको छ, भने उपबिजेता लिभिकले ८५ हजार नगद र ट्रफिमा चित्त बुझाएको छ। फाईनल खेलमा सुरुदेखी नै लिभिकलाई दवाबमा राखेका रामघाटका खेलाडीहरुको धेरै प्रहार बिफल भएको थियो । टाईब्रेकरमा रामघाटका गोलकिपर प्रविन गुरुङ चम्किएपछि लिभिक स्तब्ध भयो। खेलमा सर्वोत्कृष्ट खेलाडी रामघाटका सुशन गुरुङ घोषित भए । यस्तै रामघाटकै विशान गुरुङ सर्वोत्कृष्ट मिडफिल्ड र प्रविन गुरुङ सर्वाधिक गोलकर्ता भए। लिभिकका संगम ठकुरीले सर्वोत्कृष्ट डिफेन्डर घोषित भए भने माछापुच्छ्रे त्रिशक्तीका मनिस ठकुरी सर्वोत्कृष्ट गोलकर्ता घोषित भए । यस्तै अनुशासीत टिम घोषणा भएको माछापुच्छ्रे त्रिशक्तीले ट्रफी प्राप्त गर्यो।

विधागत तर्फका सर्वोत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैया र ट्रफी प्राप्त गरे। नेपाल मुस्लिम युवा समिति पोखरा-१३ को आयोजनामा यही माघ १३ गते देखि प्रतियोगिता सुरु भएको थियो । प्रतियोगिताका विजेता, उपविजेता खेलाडीहरुलाई पोखरा महानगरपालिका वडानम्बर १३ का अध्यक्ष किरण बराल, वडानम्बर २६ का अध्यक्ष नरेन्द्र थापा, समितिका अध्यक्ष अब्वास अलिमियाँ लगायतले मेडल, शिल्ड, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरेका थिए।

# महिला ...

४१ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर एक सय २५ रन मात्र बनाउन सक्यो।

नेपालका लागि कप्तान इन्दु वर्माले सर्वाधिक ३० रन जोडिन्। उनले ३२ बल खेल्ने क्रममा एक छक्का प्रहार गरिन्। त्यस्तै सम्झना खड्काले २४ बलमा चार चौकाको सहयोगमा २३ रन बनाइन् भने पूजा महतोले १८, कविता जोशीले १४ तथा सीता रानामगरले अविजित १० रन बनाइन् । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेदरल्याण्ड्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय ४० रनको योगफल तयार गरेको थियो। नेदरल्याण्ड्सका लागि कप्तान बाबेट डि लिडेले सर्वाधिक ४१ रन जोडिन् । उनले ३८ बलमा चार चौका र एक छक्का प्रहार गरिन्। त्यस्तै हिटर सिगर्सले २६ तथा रोबिन रिके र फेबी मोलकिनरले समान २१ रन बनाइन्।

नेपालका लागि सिताले रानामगरले पाँच विकेट लिइन् । त्यस्तै मनिषा उपाध्यायले दुई तथा कविता जोशी र इन्दु वर्माले समान एक/एक विकेट लिइन्।

प्रतियोगितामा नेपाल, नेदरल्याण्ड्स र थाइल्याण्डको सहभागिता छ। प्रतियोगितामा नेपालको यो लगातार तेस्रो हार हो । यसअघि नेपाल पहिलो खेलमा नेदरल्याण्ड्स र दोस्रो खेलमा थाइल्याण्डसँग पराजित भएको थियो। नेपालले यही माघ २२ गते थाइल्याण्डसँग खेल्नेछ।

# विश्व सिमसार दिवसमा फेवातालमा माछाका भुरा छाडियो

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ




विश्व सिमसार दिवसको सन्दर्भ पारेर पोखराको फेवातालमा माछाका भुरा छाडिएको छ । पोखरा महानगर पालिका वडा नं-६ को आर्थिक सहयोग र हर्पन फेवा मत्स्य सहकारी संस्थाको को आयोजनामा फेवा तालमा २५ हजार माछाका भुरा आइतबार छाडिएको छ।

स्थानिय जलारी समुदायको आयआर्जनमा सघाउ पुर्‍याउदै फेवातालको पर्यवारणीय सन्तुलन बढाउनका लागि पोखरा महानगरपालिका-६ को वडा स्तरीय बजेटबाट रु १ लाख ५० हजार रुपैयाका माछाका भुरा खरिद गरि तालमा छाडिएको वडा सदस्य बासु बराललले जानकारी दिनुभयो । स्थानिय जातका सिल्भर कार्प, विगहेड, ग्रास कार्प, रहु, र नैनी माछाका भुरा तालमा छाडिएको हो। कार्यक्रमका अतिथि एवंम पोखरा महानगर पालिका वडा नं-६का अध्यक्ष विष्णुबहादुर भट्टराईले पर्यवरणीय संन्तुलनका साथै फेवाताललाई जिवन्त तुल्याउँदै स्थानीय जलारी समुदायको पेशाको समेत संरक्षण गर्न वडाको तर्फबाट सहयोग गरिएको बताए । अध्यक्ष भट्टराईल फेवा ताललाई प्रदुशण मुक्त बनाइ तालमा पाइने माछालाई ब्राण्डिङ गर्नु पर्ने बताउनु भयो । बर्षेनी वडाको बजेट मार्फत माछाका भुरा छोडदै आएको स्मरण गर्दै ताल सगँ आर्शित जलारी समुदाएको पेशालाई संरक्षण गर्ने वडा कार्यालय लागि परेको सुनाउनु भयो। हर्पन फेवा मत्स्य सहकारी संस्थाका अध्यक्ष ज्ञान बहादुर जलारीले जलारी समुदायको लागि आज धान रोपाईंको दिन अषार १५ भएको बताउनु भयो । उनले वडा नम्बर- ६ बाट भुरा छोड्ने कामलाई बडाले बार्षिक क्यालेन्डरको रुपमा राखेकोमा खुसी लागेको भन्नु भयो। जलारी समुदायको जीवन आर्थिक रूपमा सबल बनाउनका लागि ताल र सिमसार क्षेत्रको संरक्षका लागि ३ वटै सरकारलाई सहयोग गर्ने आग्रह गर्नु भयो। कार्यक्रममा हर्पन फेवा मत्स्य सहकारी संस्थाका उपाध्यक्ष राजु जलारी, पोखरा महानगर पालिका वडा नं-६का वडा सदस्यहरु पवित्रा थापा र शोभा जलारी लगाएतले आफ्ना भनाइ राखेका थिए । सो अवसरमा स्थानीय जलारी समुदाय, आमा समूह र स्थानीयहरुको उपस्थिति रहेको थियो।




# महेन्द्रमान श्रेष्ठ 'व्यथित'लाई मातृ शोक

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ



स्याङ्जा जिल्ला पुतली बजार वडा नं. ३ निवासी महेन्द्रमान श्रेष्ठ 'व्यथित'को आमा पदम कुमारी श्रेष्ठको माघ १८ गते शुक्रबार ८६ वर्षको उमेरमा निधन भएको छ।

श्रेष्ठ वि.स. १९९५ साल फागनु १ गते स्याङ्जा पुतलीबजारमा जन्मनु भएको थियो । स्याङ्जाका कम्युनिष्ट राजनीतिमा सक्रिय रहनेहरु आमासँग चिरपरिचित छन् । आमाले आफ्ना छोराहरुलाई माया गरे सरह अन्य कार्यकर्ताहरु र व्यक्तिहरुलाई प्रेम, सदभाव र स्नेह प्रदान गर्नुहुन्थ्यो । उहाँको तीन छोरा निर्मल कुमार श्रेष्ठ, महेन्द्रमान श्रेष्ठ 'व्यथित' र राजेन्द्र कुमार श्रेष्ठ रहनु भएको छ।

महेन्द्रमान श्रेष्ठ विभिन्न स्कुलहरुमा प्रधानाध्यापक रहनुका साथै राजनीतिमा पनि सक्रिय हुनुहुन्थ्यो । महाकाली अञ्चलको अञ्चल प्रशासक समेत रहनु भएको थियो। हाल महेन्द्रमान पृथ्वीनारायण क्याम्पसमा कानुन विषयको प्राध्यापक हुनुहुन्छ । उहाँको पोखरामा जय जनता कानुनी सेवा ल फर्म रहेको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# अभिव्यक्ति स्वतन्त्रता कुण्ठित नहोस्

सामाजिक सञ्जालमा देखापरेको अराजकता हेर्न, पढ्न नसकिने खालका पनि छन । त्यसले सबै मर्यादाको हद पार गरिसकेको छ । अतिले खति निम्त्याउँछ भन्ने अवस्थाका कारण सामाजिक सञ्जाल नियमनका लागि कानुनी व्यवस्था हुनुपर्छ भन्ने माग केही वर्षदेखि नै सुरु भएको हो । सरकारले कानुनको मस्यौदा गर्दा सरोकारवाला र जनप्रतिनिधिसंग छलफल नगर्दा अहिले सामाजिक संजालमा विरोध भएको छासमयमै बुझाउन नसक्दा नियन्त्रणमुखी पो हो कि भन्ने परेको छ ।

परम्रागत सञ्चारका अरू माध्यमका तुलनामा सामाजिक सञ्जालबाट सूचना छिटो र व्यापकरूपमा प्रसार हुन्छ । यसैले झुटा वा बदनियतपूर्ण सूचना सामाजिक सञ्जालबाट प्रसार गर्रिँदा त्यसको नकारात्मक प्रभाव पनि उत्तिकै छिटो र व्यापकरूपमा फैलने गरेको छ। सामाजिक सञ्जालमा परिचय लुकाउने सुविधाका कारण त्यस्ता प्रयोगकर्ता अपेक्षाकृत बढी नै अराजक र उत्तेजकरूपमा प्रस्तुत हुनेगरेका छन् । वैयक्तिक मर्यादामा आघात पर्ने विषयमा पनि त्यस्ता प्रयोगकर्ता शब्द वा विषय चयन तथा प्रस्तुतिमा संवेदनहीन देखिन्छन् ।

पैसा झार्ने निहुँमा केही सामाजिक सञ्जालको अभ्यास गैरजिम्मेवार प्रवृत्तिका छन।त्यस्ता प्रयोगकर्ताका लागि 'बाँदरलाई लिस्नो' हुनपुगेको छ । समाजमा यसभन्दा पहिले कहिल्यै यस प्रकारको अराजकता देखिएको थिएन । यसैले यो 'डिजिटल' अराजकताको नियमनका लागि नयाँ कानुन बनाउन आवश्यक र उचित पनि देखिन्छ । विधेयकको मस्यौदा गर्नेहरू सिमित दायरामा रहेका कारण अहिले आलोचना गर्ने ठाउँ पाएको हुनुपर्छ । सामाजिक सञ्जालमा असत्य वा भ्रामक सूचना प्रसार गरेर व्यक्ति वा समाजलाई क्षति पुऱ्याउन रोक्ने यस विधेयकको मूल प्रयोजन हुनुपर्ने हो ।

सामाजिक सञ्जालबाट व्यक्ति र समाजको हानि हुन नदिनेमात्र उद्देश्यमा केन्द्रित भएमा सम्भवतः विधेयकमा सबै विवेकशील नागरिक र सांसदको समर्थन प्राप्त हुनेछ । सिद्धान्ततः मन्त्रालयको कुनै विभागलाई न्यायिक जिम्मेवारी दिनु शक्ति सन्तुलनको अभ्यास विपरीत हुन्छ। यस्तै, प्रशासनिक कर्मचारीलाई तजबिजी अधिकार दिइँदा त्यसको राजनीतिक वा आर्थिक बदनियतबाट दुरुपयोग हुने गरेको देखिएको छ। यसैले विधेयक व्यापक छलफल र संशोधन विना हतारमा पारित गर्ने उद्देश्य हो भने त्यो लोकतन्त्रको लागि घातक हुन्छ।

केही कानुनविद् वा कर्मचारीहरूको रकमी तर्क सुनेर होइन लोकतन्त्रको अभ्यास कुण्ठित हुन नदिने प्रावधान राखेर पारित गरिनुपर्छ । सामाजिक सञ्जालको नियमन आवश्यक छ र यसमा देखापरेको अराजकता नरोके लोकतन्त्रकै उपहास हुन्छ । साथै, सामाजिक सञ्जालको नियमनका नाममा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुन नदिन पनि सांसदहरू उत्तिकै सजग र सतर्कता अपनाउनु बुद्धिमानी हुनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# श्रीपन्चमीको लेनदिनको पैसा तिर्नु पर्ने दिन

युब राज खनाल

यो पर्वले हामीलाई अतीतका अनेक प्रेरक घटनाहरूको स्मरण गराउँछ । सर्वप्रथम त यसले त्रेता युगमा रावणद्वारा सीता हरणपछि श्रीराम उनको खोजीमा दक्षिणतर्फ बढेका थिए । यसमा जुन स्थानहरूमा उनी गए, तिनमा दण्डकरण्य पनि थियो । यही शवरी नामक तपस्विनी रहन्थिन् । जब राम उनको कुटीमा पुगे, उनले सुध-बुध हराई र चाखेर मीठा बयर फल रामलाई खुवाउन लागिन् । प्रेममा जुठा बयरहरू खुवाइएको यस घटनालाई रामकथाका सबै गायकहरूले आ-आफ्नो ढंगमा प्रस्तुत गरेकाछन् । दण्डकरण्यको त्यो क्षेत्र अचेल गुजरात र मध्य प्रदेशमा फैलिएकोछ। गुजरातको डांग जिल्लामा त्यो स्थान छ जहाँ शबरी माताको आश्रम थियो । वसन्त पञ्चमीको दिन नैं राम त्यहाँ पुगेका थिए । त्यस क्षेत्रका वनवासी आज पनि एक शिलालाई पूज्दछन्, जसको बारेमा उनीहरूको विश्वास छ कि श्रीराम आएर त्यहीं बसेका थिए । त्यहाँ शबरी माताको मन्दिर पनि छ ।

श्रीपञ्चमीमा गोरु दाउने चलन निकै प्रचलित हुन्थ्यो । धेरैको घरमा एक हल बुढा गोरु हुन्थे त एक हल बहर हुन्थे। पानी नलागोस् (वातावरणीय प्रभावले प्रतिकुल असर) भनेर ढिलोमा मंसिरसम्म बाच्छा ल्याउने चलन हुन्थ्यो । दुई महिना रत्तिएपछि माघमा गोरु दाउने चलन थियो । गोरु दाउँदा बाच्छा गोरुलाई बुढा गोरुसँग नार्ने र हरेक दिन एक घण्टाजति जोत्ने चलन हुन्थ्यो ।

श्रीपञ्चमीका दिन लेनदिनको पैसा तिर्नु पर्ने हुन्थ्यो। त्यति बेला भाके लिन दिन निकै चल्थ्यो र अबेर सम्म भए पनि उक्त भाके रकम बुझाउन पर्ने हुन्थ्यो । कति इमान्दार थिए न त लिखित हुन्थ्यो, न त केही प्रमाण तर बोलिका पक्का हुन्थे । तर आज त्यो विश्वास घुमिरहेको छ । बैंक मा राखेका पैसा सुरक्षित छैनन। पराइका कुरा त परै जाओस् आफन्त हरु सग पनि आर्थिक कारोबार गर्न निकै सजग रहनु पर्ने भएको छ ।

प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन श्रीपञ्चमी पर्व विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी मनाइन्छ । ऋतुहरूको राजा वसन्तको सुरुवात हुने दिन भएकाले आजको दिनलाई वसन्त पञ्चमी पनि भनिन्छ। वसन्त ऋतु आगमनको उपलक्ष्यमा राष्ट्राध्यक्षले वसन्तपुर गई वसन्त श्रवण गर्ने परम्परा पनि नेपालमा छाएकपटक ऋतुराज वसन्तलाई अन्य पाँच ऋतुले आठ/आठ दिनसम्म भेट गरेका थिए। पाँच ऋतुले गरी ४० दिन भेट गरेकाले वसन्त ऋतु सुरु हुने चैतकृष्ण प्रतिपदाभन्दा ४० दिनअघि माघ शुक्ल पञ्चमीकै दिन वसन्त पञ्चमी मनाउन थालिएको हो । यसै समयदेखि वसन्तराग गाउन थालियो।संगीत, कला, साहित्य र विद्याकी खानी सरस्वतीको आज विधिपूर्वक पूजा आराधना गरी स्तोत्र पाठ गरेमा पढ्न आउँछ भन्ने धार्मिक विश्वास पनि छाआजकै



दिन साना बालबालिकालाई अक्षरारम्भ गराइन्छ। नाक कान छेड्न पनि आजको दिनलाई शुभ मानिन्छ । सरस्वतीलाई महाविद्या, महावाणी, भारती, वाक्, शारदा, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा, धीश्वरी नामले समेत सम्बोधन गरिन्छ। श्वेत वस्त्र धारण गरेकी, गोरो वर्णकी, सदा मुस्कुराइरहेकी, सर्वोत्तम रत्नद्वारा निर्मित आभूषणले सुशोभित भएकी, चतुर्भुजा भएकी जसमध्ये पहिलो हातमा वीणा, दोस्रोमा पुस्तक, तेस्रोमा स्फटिकको माला र चौथो हात अभय मुद्रामा रहेकी राजहंसमा सवार भएकी देवी सरस्वती हुन् भनी शास्त्रमा बताइएको छाविशेषगरी शैक्षिक संस्थामा विद्यार्थीले महत्वका साथ यो पर्व मनाउँछन् । सरस्वती मन्दिरमा पूजा एवम् दर्शन गर्नेको भीड लाग्दछ। कयौं बिधालयमा गएर साथीहरू मिलेर सरास्वतीको पुजा आराधना गर्ने चलन छ भने कयौंले आफ्नै घरमा पुजा गर्ने गर्दछ्न ।भक्तपुरको हनुमन्ते खोलाको पूर्वपट्टि चौरमा सरस्वती बस्ने विश्वास गरिन्छ। ल्हासाबाट मूर्ति ल्याइएको यी सरस्वतीलाई नीलसरस्वती भनिन्छ । यस ठाउँमा श्रीपञ्चमीको अघिल्लो दिन सरस्वतीलाई तेल घस्न विद्यार्थीको भीड लाग्दछ।बौद्ध धर्मावलम्बीले पनि सरस्वतीलाई बोधिसत्व मञ्जुश्रीका रुपमा ज्ञानको प्रतीक मानेर पूजाआजा गर्छन् ।

यस दिन बिहानै भक्तिपूर्वक कलश स्थापना गरी पञ्चोपचारले गणेश, सूर्य, अग्नि, विष्णु, शिव आदि देवताको पूजा गरी सरस्वतीको पूजा गरिन्छ । सरस्वतीलाई नैवेद्यका रुपमा नौनी, दही, दूध, धानको लावा, तिलको लड्डु, नरिवलको जल, मूला, बयर, बेल, अदुवा अर्पण गरिन्छ ।सरस्वतीलाई सेतो रङ्ग, फूल, चन्दन, शत्त आदि प्रिय लाग्ने भएकाले आजका दिन पूजामा यी सामग्री चढाउने गरिन्छ। पूजापछि सरस्वतीको ध्यान र 'श्रीं ह्रीं सरस्वत्यै स्वाहा' मन्त्र जप गरिन्छ । यो मन्त्रलाई विद्या, बुद्धि र सौभाग्य प्रदायक मानिन्छ । यसपछि सरस्वती कवच पाठ गरिन्छ ।वसन्त ऋतुको आगमनको पूर्वसन्ध्या, विभिन्न रुखहरुमा ढकमक्क फूल फूल्ने समय,गाउँघरमा कसैले पनि लगेको उधारो बुझाउने दिन,विद्यार्थीहरुले आफ्नो विद्या वुद्धि र कुशलताकोलागि देवी अव्हवान गर्ने दिनको महत्व छुट्टै छ । अनेक कारणले वसन्त पञ्चमी एक महत्वपुर्ण धार्मिक दिन हो ।नेपालका हजारौं विद्यालयहरुमा सरस्वती पूजाको दिन विद्याकी देवी सरस्वतीको आराधना गरिन्छ । यो दिनमा विभिन्न विद्यालयहरुले निःशूल्क भर्ना लिने गरेको पनि देखिन्छ । किनकी यो दिन शिक्षारम्भ गर्ननाले बाल बालिकाको दिमाग बढी सक्रिय र दिगो हुने कुरा विभिन्न पुराणहरुमा बताइएको छ ।हिन्दु पौराणिक कथाको अनुसार जब बह्माले यो संम्पुर्ण संसारको रचना गर्नु भयो त्यस पछि यो संसार हेर्न आउनु भयो । त्यतिबेला मानिसमको वाणीमा तिक्ष्णता थिएन, मिठास थिएन, खोज अनुशंधानको आदत देखिएन,मानिसमा सोच्ने विचारगर्ने कुनै बानी नै देखिएन । यस्तो भयो भने त संसार पशुहरुको भिड जस्तोमात्र हुनेछ। भन्ने लागेर उनले आफ्नो कमण्डलुमा लालीगुँरासको फूलले जल छर्केर हेर्दा त एक एक सुन्दर देवीको प्रकट हुनु भयो। जसको एक हातमा विणा दोश्रोमा पुस्तक तेश्रोमा माला र चौथो हातमा वरमुद्रा थियो । ब्रह्माजीले ति देवीलाई विणा बजाउन भन्नु भयो , त्यहाँबाट अति सुरिलो स्वर आयो । त्यसपछि उहाँको नाम सरस्वती रहन गयो र वाणीको देवीको रुपमा बह्मज्ञान प्राप्त भयो। पछि भगवान विण्णुले कुनै प्रशंगमा सरस्वतीसंग प्रसन्न भएर अव उप्रान्त बसन्त पञ्चमीको दिन दिगो गहिरो दिमाग चाहानेले तपाँईको पूजा गर्नु पर्नेछ भन्ने वरदान दिएकोले यो दिन उनको पूजाहुन थालेको हो ।

# मादीमा सोँथर बँसी टारी बजार मेला हुने

पोखरापत्र संवाददाता

पोखरा, २० माघ

कास्कीको मादी गाउँपालिका वडा नम्बर ८ नागीधार, पाखुरीकोट गाँउ र १० भाचोक गाउँको संगम बैंसीको रुपमा रहेको सोंथर बैंसी (सुन्दर बैंसी) सोंथार बैंसी टारी बजार मेला हुने भएको छ । तेस्रो संस्करणको मेला फागुन १ र २ गते सम्म चल्ने छ।

सोंथर बैंसी जाऔं, टारी बजार मेलामा सहभागी बनौं र त्यस आसपास क्षेत्रको कृषि पर्यटन प्रवर्धन गरौ भन्ने मुल नाराका साथ सोंथर बैंसी विकास समितिले मेला आयोजना गर्न लागेको मेला संयोजक तथा सोंथर बैंसी विकास समितिका प्रथम उपाध्यक्ष आस बहादुर गुरुङले जानकारी दिए । मेलामा कृषि कार्यक्रमहरु तर्फ गोरु जुधाइँ प्रतियोगिता, साथै गोरु प्रदर्शन एवं किनबेच साटासाट , खसी बोका बाख्रा, मह, घ्यु, आलु, तरकारी, माछा लगायत कृषि वस्तु तथा पशुको प्रदर्शन तथा किनबेच समेत हुने मेलाका सहसंयोजक तथा सोंथर बैंसी विकास समितिका कार्यसमिति सदस्य नन्दलाल अधिकारीले जानकारी दिए । त्यस्तै खेलकुद प्रतियोगिताहरु तर्फ खुल्ला फाइब ए साइड पुरुष फूटबल, खुल्ला पुरुष छेलो फाल्ने, खुल्ला पुरुष तथा रसी तान्ने रहेका छन् भने सांस्कृतिक कार्यक्रमहरु तर्फ ३० बर्ष भन्दा माथि उमेर समूह र ३० बर्ष भन्दा कम उमेर समूहको छुट्टछुट्टै खुल्ला सामूहिक नृत्य प्रतियोगिता, स्थानीय गाउँहरुको आमा समूह नाच, युवा क्लबको ठेटार नाच, घाँटु नाच, कृष्ण चलित्र नाच, स्थानीय दोहोरी तथा गायक गायिकाहरुको गायन, भजन लगायत प्रस्तुति रहने मेलाका सहसंयोजक तथा सोंथर बैंसी विकास समितिका आजीवन सदस्य बेद बहादुर गुरुङले जानकारी दिए । गत बर्ष राखिएको गोरु जुधाइँ प्रतियोगिताले दर्शक तथा गोरु पाल्ने किसानहरुलाई निकै आकर्षण गराएको हुँदा यस बर्ष सो प्रतियोगिता विशेष रुपमा गरिने सोंथर बैंसी विकास समितिका सचिव डील्लीराज गिरीले बताए । गत बर्ष गोरु जुधाइँ प्रतियोगितामा २० गोरु सहभागि रहेकोमा स्थानीय पदम बहादुर बिकको गोरु प्रथम र प्रदिप गिरिको गोरु द्धितीय भएको गिरीले जानकारी दिए । त्यस्तै शैक्षिक कार्यक्रमहरु तर्फ कक्षा १ देखि ३ सम्मका विधार्थीहरुका लागी खुल्ला श्रुति लेखन प्रतियोगिता, कक्षा ४ देखि ८ सम्मका विद्यार्थीका लागि सोंथर बैंसी परिसरमा कृषि पर्यटन प्रवर्द्धनको सम्भावना शीर्षकमा वक्तित्वकला प्रतियोगिता राखिएको सोंथर बेंसी विकास समितिका द्धितीय उपाध्यक्ष दिर्गमान गुरुङले जानकारी दिए । मेला लाई सफल पार्न विभिन्न उपसमितिहरु समेत गठन गरिएको प्रचारप्रसार संयोजक दिपकजंग गुरुङले जानकारी दिए । मेला सञ्चालनक गर्त करिव ५ लाख खर्च लाग्ने समितिका कोषाध्यक्ष रमा क्षेत्रीले बताइन् । ३५ वर्स अघि त्यस भेककै प्रख्यात रुपमा रहेको सो टारी बजार मेला विविध कारण हराउन पुगी स्थगित भएपछि गत २०७९ सालबाट थप परिस्कृत गर्दै पुनः शुरुवात गरिएको छ। २०७९ सालमा त्यस भेकका सामाजिक अगुवाहरुको पहलमा सोंथर बैंसी विकास समिति जिल्ला प्रशासन कार्यालय कास्कीमा विधिवत रुपमा दर्ता गराइ सो समितिले मेलालाई पुन ब्युताउने काम गरेको मादी - ८ का जनप्रतिनिधि तथा सोंथर बैंसी विकास समितिका अध्यक्ष ओम प्रकाश गुरुङ्ले जानकारी दिए।

गत २०७९ र २०८० सालमा दर्शकहरुको उत्साहजनक सहभागिता बीच ३ दिन सम्म मेला चलेको थियो।

# बडहरेस्थित सिद्ध गणेशको शिला मूर्ति बर्सेनि बढिरहेको जनविश्वास

रासस

पोखरा, २० माघ

पोखरा महानगरपालिका-३२ बडहरेस्थित सिद्ध गणेशको शिला मूर्ति बर्सेनि बढ्दै गएको छ । करिब एक सय वर्षअघि जोत्ने क्रममा उक्त शिला फेला परेको थियो।

किंवदन्तीअनुसार जोत्ने क्रममा हलोको फालीले उक्त शिलाको केही भाग चोइटिएर फुटेको स्थानीय बताउँछन्। जोत्न प्रयोग गरिएका हलगोरु मरेपछि सोबारे खोजी गर्दा उक्त शिला गणेशको मूर्ति फेला परेपछि हाल मन्दिर भएको ठाउँमा राखिएको स्थानीयवासी बताउँछन् । फाली लागेर चोइटिएको भाग अहिले पनि प्रत्यक्ष देख्न सकिन्छ। सुरुमा एक बित्ता लम्बाइको उक्त शिला बर्सेनि बढ्दै गएर अहिले झण्डै एक हात भन्दामाथि पुगिसकेको हाल मन्दिरमा नियमित पूजा गर्दै आउनुभएकी देवी पराजुलीले जानकारी दिनुभयो । सुरुमा उक्त स्थानमा सामान्य ढुङ्गाले बारबेरगरी छपनीले छोपेर राखिएको सिद्ध गणेशको मूर्ति पछि व्यवस्थित मन्दिरका रूपमा व्यवस्थित गरिएको उहाँले बताउनुभयो । त्यसयता अत्यन्त आस्था एवं विश्वासका साथ यहाँ पूजाआजा हुँदै आएको छ।

यहाँस्थित सिद्ध गणेशको शिला रहस्यात्मक रूपमा बढिइरहेको प्रत्यक्ष अनुभव गरेको ८५ वर्षीय काशीनाथ पण्डितले बताउनुभयो। "म सानोमा मामाघर जाने क्रममा उक्त मन्दिर भएर धेरै पटक ओहोरदोहोर गरेको छु", उहाँले बाल्यकालको अनुभव सुनाउँदै भन्नुभयो, "पाँच/छ वर्षको उमेरमा मैले देखेको गणेश शिला अहिले धेरै ठूलो भएका अनुभव छ ।" अहिलेको



व्यवस्थित मन्दिर बनाउने क्रममा उक्त शिलाको केही भाग ढलानबाटसमेत पुरिएको जानकारी दिँदै उहाँले ढलानमाथि करिब एक हात लम्बाइमा शिला रहेको बताउनुभयो । बडहरेबाट बढ्दो बसाइँसराइका कारण रहस्यात्मक यस तीर्थस्थलको प्रचारप्रसार हुन नसकेको उल्लेख गर्दै पण्डितले यो तीर्थस्थल प्रवर्द्धनको पर्खाइमा रहेको बताउनुभयो। यस मन्दिर परिसरमा २०१८ सालमा धनधान्याञ्चल पर्व गरिएको उहाँले उल्लेख गर्नुभयो ।

पछिल्लो पुस्ताका मानिसले पनि उक्त शिला बढिइरहेको अनुभव गरिरहेको बताउँछन् । शिलाको आकार बढ्दै गएको प्रत्यक्ष अनुभव गरेको विनिता पण्डित घिमिरेले बताउनुभयो । आँफूले बाल्यकालमा सानो आकारमा देखेको शिला मूर्ति अहिले धेरै ठूलो भइसकेको उहाँको अनुभव छ । उहाँले भन्नुभयो, "हामीले यस शिलालाई प्रत्यक्ष भगवानका स्वरुपमा पूजाआजा गर्दै आएका छौं।" पहिला वरिपरि सामान्य ढुङ्गा लगाएर घेरिनुका साथै माथि ढुङ्गाले छाइएको यस मन्दिरलाई पछिल्ला १० वर्षयता व्यवस्थित गरिएको घिमिरेले जानकारी दिनुभयो । यहाँ दर्शन गरेमा मनले चिताएको पुग्ने विश्वासका साथ बडहरे र आसपासका सर्वसाधारणले श्रद्धाभक्तिपूर्वक पूजाआजा गर्ने गरेका उहाँले सुनाउनुभयो।

घिमिरेका अनुसार विशेष गरी हरितालिका तीजपछिको चौँथीका दिनमा गणेश भगवान्को जन्मदिनका रूपमा मानिएको गणेश चतुर्थीमा यहाँ धुमधामसँग पूजाआजा हुने गरेको छ । उहाँले राजमार्गबाट नजिकै रहेर पनि यो तीर्थस्थल प्रचारप्रसारको अभाव हुँदा ओझेलमा परिरहेको बताउनुभयो। पृथ्वीराजमार्गअन्तर्गत गगनगौँडा क्षेत्रबाट सवारीसाधनमा करिब २५ मिनेटको यात्रा गरेपछि यो मन्दिर पुग्न सकिन्छ।

गगनगौँडाबाट राजाको चौतारा पुगी त्यहाँबाट तालखोलाको पुल तरेपछि मणि हुँदै बडहरेको सिद्धि गणेश मन्दिर पुग्न सकिने स्थानीय घिमिरेले जानकारी दिनुभयो। करिब तीन दशक अघिसम्म बाक्लो बस्ती रहेको बडहरेमा त्यसयता भने बढ्दो बसाइँसराइले बस्ती शून्य हुँदै गएको उहाँले बताउनुभयो।

उत्तरतर्फ सुन्दर हिमालको दृश्यसँगै अगाडि देखिने मनोरम तालतलैया एवं पोखरा उपत्यका अवलोकन गर्न सकिने यो ठाउँ बढ्दो बसाइँसराइले प्रत्यक्ष प्रभावित बनेको उहाँले बताउनुभयो। बाटो, यातायातलगायत सुविधा गाउँमा पुगिसकेका अवस्थामा यहाँको प्रचारप्रसार गरी धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

# तनहुँमा रु ४२ करोड ५० लाखको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
तनहुँ, २० माघ

तनहुँका किसानले यस वर्ष सुन्तला बिक्रीबाट गरी रु ४२ करोड ५० लाखको आम्दानी गरेका छन् । जिल्लामा गत वर्ष रु ३० करोड बराबरको सुन्तला बिक्री भएको थियो ।

कृषि ज्ञान केन्द्रका अनुसार यस वर्ष सुन्तलाको उत्पादन पनि बढेको छ । यस वर्ष एक हजार छ सय ५७ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिएकामा नौ सय ६८ हेक्टर क्षेत्रफलबाट सुन्तला उत्पादन भएको केन्द्रका सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष पाँच हजार आठ सय ३१ मेट्रिक टन सुन्तला उत्पादन भएको छ । गत वर्ष जिल्लामा तीन हजार सात सय ५० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो ।

परियारका अनुसार देवघाट, शुक्लागण्डकी र म्याग्दे गाउँपालिकामा सुन्तलाको उत्पादन राम्रो छ । म्याग्दे गाउँपालिका-३ उमाचोकका सुकनारायण श्रेष्ठले यस वर्ष सुन्तला बिक्री गरी रु ७० लाख आम्दानी गर्नुभयो । देवघाट गाउँपालिका-३ का लुङ्ग्रिङमा एकै घरबाट रु २० लाखसम्मको सुन्तला बिक्री भएको छ ।

किसान भीमबहादुर रानाले यस वर्ष यस वडाबाट रु तीन करोडभन्दा बढीको सुन्तला बिक्री भइसकेको जानकारी दिनुभयो । विगतमा अन्नबाली राम्रो नहुँदा चिन्तामा परेका यहाँका किसान पछिल्ला वर्षमा सुन्तलाले राम्रो आम्दानी दिन थालेपछि खुसी भएको किसान प्रेम थापाले बताउनुभयो । जिल्लाका कुल आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती विस्तारको सम्भावना रहेको केन्द्रले जनाएको छ । केन्द्रले सुन्तलाखेती गर्ने किसानलाई बगैँचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ । परियारका अनुसार, देवघाट-२ र ३, आँबुखैरेनी-५, म्याग्दे ४, व्यास-७, १३ र १४, भिमाद-८ र ९, बन्दीपुर-३, ऋषिङ-३ र घिरिङमा सुन्तलाखेती विस्तारको सम्भावना छ । तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन् । काठमाडौँका अलवा पोखरा, नारायणगढलगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायत ठाउँमा पनि यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन् । जिल्लाका अधिकांश ठाउँमा व्यापारी नै बगैँचासम्म पुगेर सुन्तला खरिद गर्ने गरेका छन् ।

# बाह्र किलोको काउली फलाएका खत्री भन्नुहुन्छ- 'विदेश जाने सोच कहिले पनि आएन'

**पोखरापत्र संवाददाता**
बागलुङ, २० माघ

बागलुङ नगरपालिका-९ तित्याङ थापाथरका पदम खत्रीले १२ किलोको काउली फलाउन सफल हुनुभएको थियो ।

गतवर्ष उहाँ आफ्नै 'खत्री एग्रो फार्म'मा नौ केजीको काउली फलाएर कृषि ज्ञान केन्द्रबाट जिल्लाकै उत्कृष्ट किसानका रूपमा पुरस्कृत समेत हुनुभएको थियो । विसं २०६६ मा एउटा प्लाष्टिक टनेलबाट तरकारीखेती थाल्नुभएका खत्री यतिबेला यस क्षेत्रकै सफल किसानमा गनिनुहुन्छ । उहाँले भन्नुभयो, "पुरस्कृत भइसकेपछि काउली उत्पादनमा झनै मेहनत गरेँ । यस वर्ष १२ केजी आठ सय ८० ग्रामको काउली फलाउन सफल भए ।"

उहाँले १८ रोपनी जग्गा तरकारीखेती गर्दै आउनुभएको छ । आफ्ना साथीभाइ वैदेशिक रोजगारमा पलायन हुँदै गर्दा खत्रीको मनमा कहिलै विदेश जाने सोच नआएको जनाउँदै उहाँले गाउँमै उद्यमी बनेको जनाउनुभयो । स्वदेशमा नै केही गर्न सकिन्छ भन्ने सोचका साथ कृषि कर्ममा तल्लीन खत्रीले वार्षिक रु १० देखि १२ लाख आम्दानी गर्दै आउनुभएको छ । अहिले काउली र ब्रोकाउली मात्रै १० क्विन्टल बिक्री गरेको खत्रीले बताउनभुयो ।

तरकारीखेती फस्टाउँदै गएपछि भाडामा आठ रोपनी जग्गा र पाँच रोपनी बाँझो जग्गालाई सदुपयोग गर्दै उहाँले व्यावसायिक तरकारीखेती गर्दै आउनुभएको छ । खत्रीको फार्ममा आठवटा प्लाष्टिक टनेलमध्ये दुईवटा हाइटेक र अन्य परम्परागत टनेल छन् । खत्रीले कृषि ज्ञान केन्द्र र बागलुङ नगरपालिकाको प्राविधिक सहयोगमा आफू सफल भएको बताउनुभयो ।

# सोमबारदेखि कास्की क्लबस्तरीय टी–२० क्रिकेट लिग क्रिकेट

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सोमबारदेखि कास्की क्लवस्रतीय टी–२० लिग क्रिकेट प्रतियोगिता शुरु हुदैं छ ।

पोखरा रंगशाला क्रिकेट मैदानमा हुने प्रतियोगितामा कास्कीमा आवद्ध ९ मध्ये ८ वटाक्लबले प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगिताको आवश्यक तयारी पुरा भएको छ । क्रिकेट मैदान पूर्णरुपमा तयारी गरिएको छ ।

प्रतियोगिताको उदघाटन खेल बिहान ८ बजे साविक च्याम्पियन राईजिङ पोखरा क्रिकेट क्लबले लेकसाईड क्रिकेट क्लबसँग प्रतिस्पर्धा गर्ने छ । त्यसैगरी दोस्रो खेल माछापुच्छ्रे क्रिकेट क्लबले लेखनाथ युथ क्रिकेट क्लबसँग खेल्ने खेल तालिका छ । कास्कीमा राईजिङ, माछापुच्छ्रे, पोखरा क्रिकेट, कास्की क्रिकेट क्लब, सांग्रिला क्रिकेट क्लब, अरण्यज्योति क्रिकेट क्लब, लेखनाथ युथ क्रिकेट, लेकसाईड क्रिकेट क्लबको आवद्ध छन् । क्लबहरु बीच राउण्ड रोविनमा प्रतिस्पर्धा गराईने कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सन्जयकान्त सिग्देलले जानकारी दिए ।

कास्की जिल्ला क्रिकेट संघका कोषाध्यक्ष एवं प्रतियोगिता संयोजक दुर्गाबहादुर चन्दका अनुसार प्रतियोगिता उदघाटन प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले गर्ने छन् । प्रतियोगिताको लागि झण्डै ४ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समितिको अध्यक्ष पुन: भिम

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीको १८ औं साधारण सभा तथा १० औं अधिवेशनले पुनः भिम पराजुलीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

समितिको वरिष्ठ उपाध्यक्षमा मनपति भण्डारी, प्रथम उपाध्यक्षमा विष्णु सुवेदी, द्धितीय उपाध्यक्षमा प्रेम पहारी, महासचिवमा घनश्याम तिम्सिना, सचिवमा शम्भुराम पाण्डे, कोषाध्यक्षमा गुप्तबहादुर कार्की, सहकोषाध्यक्ष धनबहादुर विक रहेका छन् । त्यसैगरी समितिको सदस्यहरुमा आसविर नेपाली, दोर्चे तामाङ, सिर्जना सापकोटा, लक्ष्मी केसी सिंह, शरा वोगटी, इन्द्रप्रसाद दाहाल, नारयण प्रसाद पौडेल, मिना ढकाल, मिनमाया श्रेष्ठ, र कमला वज्राचार्य रहेका छन् । संस्थाको १८ औं साधारण सभा तथा १० औं अधिवेशन विभिन्न व्यक्तिलाई सम्मान गरिएको थियो । यसरी सम्मानित हुनेहरुमा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक श्याम बावु ओलिया, प्रहरी वरिष्ठ नायव निरीक्षक होत बहादुर रोकाहा, सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका प्रहरी इन्चार्ज प्रहरी सहायक हवल्दार भिमप्रसाद काफ्ले, सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्की पूर्व अध्यक्ष गोमा ढकाल, सीता गुरुङ सम्मानित भएका थिए । त्यसैगरी सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीमा रहेर काम गरेका प्रहरी कर्मचारीलाई पनि सम्मानित गरिएको थियो । यसरी सम्मानितहुनेहरुमा पूर्व प्रहरी निरीक्षक भरत पौडेल, पूर्व प्रहरी नयाब निरीक्षक शारदा कार्की, प्रहरी निरीक्षक टेक प्रसाद सुवेदी, प्रहरी निरीक्षक रेशमलाल पौडेल, प्रहरी वरिष्ठ नायव निरीक्षक मेघराज श्रेष्ठ, प्रहरी वरिष्ठ नायव निरीक्षक रामचन्द्र केसी, पूर्व प्रहरी नयाव निरीक्षक अधिवक्ता टंकप्रसाद पौडेल, प्रहरी नायव निरीक्षक सुमन निउरे, प्रहरी नायव निरीक्षक गोविन्द केसी, प्रहरी हवल्दार दिपक ढकाल, प्रहरी सहायक हवल्दार पार्वती राईभाट, पूर्व प्रहरी बविता मल्ल रहेका छन् । त्यसैगरी प्रहरी उपरीक्षक सन्तोष निरौला, प्रहरी उपरीक्षक श्रवण कुमार विक, प्रहरी उपरीक्षक वसन्त कुमार शर्मा, प्रहरी वरिष्ठ नायव निरीक्षक विद्यधर त्रिपाठी, प्रहरी सहायक हवल्दार मान बहादुर पुजरा, प्रहरी सहायक हवल्दार तारा प्रसाद पंगेनी, प्रहरी जवान संगिता खनाललाई प्रशंशा पत्र प्रदान गरिएको थियो ।

# अझै सम्पन्न भएन लमजुङ दरबारको पुनर्निर्माण

**पोखरापत्र संवाददाता**
लमजुङ, २० माघ

लमजुङ दरबार बजेट अभावले पुनर्निर्माण अझै सम्पन्न हुन सकेको छैन । समुद्री सतहबाट एक हजार चार सय ४५ मिटर उचाइमा रहेको सो दरबार १६औँ शताब्दीमा बनेको बताइएको छ । पुरातत्व विभागलले शाहवंशीय राजाको उद्गमस्थल मानिएको लमजुङ बेँसीसहर नगरपालिका-३ गाउँसहर स्थित सो दरबार तीन वर्षदेखि पुनर्निर्माण थालनी गरेको थियो ।

विभागका इञ्जिनियर गोविन्द अधिकारीका अनुसार निर्माण थालनी गरेको दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि आवश्यक बजेट सरकारले उपलब्ध नगराउँदा निर्माण सम्पन्न हुन नसकेको हो । दरबारको केही पर्खाल लगाउने, कालिका मन्दिरको पर्खाल लगाउने, छाना हाल्ने काम, छानामा हाल्ने काठ राख्न, गजुर राख्न, दरबारभित्र प्लाष्टर, झ्यालढोकाका खापा, रङरोगन, भुइँमा गर्नुपर्ने काम अझै बाँकी रहेको उहाँले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७९/८० मा रु एक करोड ३३ लाख बजेटबाट पुनर्निर्माण सुरू गरिएकामा गत आवमा सरकारले जम्मा रु ५० लाख बजेट छुट्याएको थियो । पुरानै शैली र स्वरूपमा दरबारको पुनर्निर्माण भइरहेको छ । दरबार बुइँगलसहित तीनतले र कालिका मन्दिर प्यागोडा (छाने शैली)को बन्नेछ । दरबार बनाउन चाहिने इँटा, काठ, सुर्कीलगायत निर्माण सामग्री भक्तपुरबाट ल्याएर प्रयोग गरिएको छ । गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहराले भन्नुभयो, "दुई वर्षभित्र सक्नेगरी पुरातत्व विभागका कर्मचारीसँग मौखिक रूपमा सम्झौता भए पनि तेस्रो वर्षमा पनि काम सम्पन्न भएन । अझै काम अधुरै रहँदा स्थानीय चिन्तित छन्, यहाँ विभिन्न चाडपर्वमा आउने दर्शनार्थी तथा पर्यटकलाई अलपत्र रहेका ढुङ्गा काठले असहज बनाउने गरेको छ ।" साथै स्थानीयले पित्तल वा तामाको छाना राख्न आग्रह गरेको उहाँको भनाइ छ । वडा नं ३ का अध्यक्ष चित्रबहादुर दनाइले भन्नुभयो, "यतिका वर्षमा पनि निर्माण सम्पन्न भएन, यस वर्ष सम्पन्न हुनुपर्ने हो तर भएन । हामीले सम्बन्धित निकायसमक्ष चाँडो निर्माण सम्पन्न गर्न पहल गर्दै आएका छौँ तर सुनुवाइ नहुँदा यस वर्ष पनि कम बजेटले गर्दा निर्माण पूरा भएन ।" स्थानीय सुरेश श्रेष्ठले सरकारले यस्ता ऐतिहासिक दरबारको निर्माणका लागि एकैपटक आवश्यक बजेट उपलब्ध गराएर निर्माण गर्नुपर्ने थियो, पटकपटक थोरै बजेट आएकाले निर्माण बर्सेनि निर्माण अधुरै रहँदै आएको बताउनुभयो । व्यवस्थापन समितिका अनुसार दरबार १६ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

शाहवंशीय राज्यकालको उद्गमथलो लमजुङ हो भने त्यसैको विरासत हो लमजुङ दरबार । कास्कीकोटका राजा कुलमण्डलका माइला छोरा कालु शाहलाई विसं १५४० मा लमजुङका खजेदुरा, सुकराम क्याउसा, माघे दुरा, कुश्माखर घिमिरे र लक्ष्मण दुराले लमजुङको पहिलो चौबिसे राज्यका राजा बनाएका थिए । त्यसको केही समयमै लमजुङमा शासनको बागडोर सम्हालेका तत्कालीन घले राजाका सेनाले कालु शाहको हत्या गरिदिएको इतिहासमा उल्लेख छ । सो घटनापछि उनीहरूले नै कुलमण्डलका कान्छा छोरा यशोबह्म शाहलाई पुनः कास्कीकोटबाट ल्याएर राजकाज अघि बढाएका थिए । यशोबह्मलाई १५ असार रविबारका दिन १५ घडीको सिंह लग्नमा विसं १५५० मा राजगद्दीमा बसाइएको शिलालेखमा उल्लेख छ ।

# बगर भाइखलक कपको फाइनल सोमबार

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ



'स्वास्थ्यको लागि एक घण्टा व्यायाम, नागरिकहरुका लागि नौलो आयाम' भन्ने नारासहित पोखराको टुंडिखेलमा जारी १४ औं अन्तर ष्ट्रिय भेट्रान्स एट ए साइड फुटबल प्रतियोगिताको फाइनल सोमबार हुने भएको छ ।

त्यसका लागि तिन वटै उमेर समूहतर्फको ९४० वर्ष, ५० वर्ष र ६० वर्षमाथि० उपाधिका दाबेदार टिमको टुंगो लागिकेको क्लबका अध्यक्ष इश्वरमान गुरुङले जानकारी दिए । उनका अनुसार ४० वर्ष उमेर समूहतर्फ गार्डेन एफसी पोखरा र ब्रेदरहुड कामाण्डौं उपाधिका लागि भिड्नेछन् । यस्तै ५० वर्ष उमेरतर्फ हेटौडा भेट्रान्स र फ्रेण्डसिप काठमाडौं प्रतिस्पर्धा गर्नेछन् । भने, ६० वर्षतर्फ सिडिएफए चितवन र मास्टर्स देह्रादुन भारतबीच प्रस्पिर्धा हुनेछ । ६० वर्षतर्फको फाइनल खेल बिहान १० बजे, ५० वर्षतर्फको फाइनल ११ बजे र ४ वर्षतर्फको फाइनल खेल दिउँसो ३ बजे सञ्चालन हुने भाइखलकका महासचिव मनकाजी गुरुङले बताए । उनका अनुसार सो प्रतियोगिताको समापन गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले गर्नेछन् । प्रतियोगितामा ४० वर्ष उमेर समूहतर्फको विजेताले २ लाख उपविजेताले १ लाख नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । सो उमेर समूहको विधागततर्फ सर्वोकृष्ट खेलाडीले नगद १५ हजार, उत्कष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फवार्ड र प्रशिक्षकले नगद ५ र ५ हजार पुरस्कार प्राप्त गर्नेछन् । यस्तै ५० वर्ष उमेर समूहतर्फको विजेताले १ लाख र उपविजेताले ५० हजार नगदसहित ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । भने, ६० वर्ष उमेर समूहतर्फको विजेताले ५० हजार र उपविजेताले ३० हजार नगदसहित ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।


## सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबु खैरेनी, तनहुँ
## मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८१/०८२ का लागि मिति २०८१/१०/२१ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।

| ब्राण्ड | मि.लि. | यु. पी. | नेशनल डिष्ट्रिब्युटर्स मूल्य प्रति कार्टुन | नेशनल डिष्ट्रिब्युटर्स कमिशन प्रति कार्टुन | डिष्ट्रिब्युटर्स मूल्य प्रति कार्टुन | डिष्ट्रिब्युटर्स कमिशन प्रति कार्टुन | होलसेल मूल्य प्रति कार्टुन | होलसेल कमिशन प्रति कार्टुन | रिटेल मूल्य प्रति कार्टुन | रिटेल कमिशन प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| करूवा एप्पल 18GM, करूवा PREMIUM /XCITE , XCITE GOLD. ARROW XTRA STRONG | 300 | 70 | 1345.00 | 30.00 | 1375.00 | 65.00 | 1440.00 | 60.00 | 1500.00 | 150.00 | 1650.00 | 55 |
| करूवा एप्पल 14GM | 300 | 70 | 1245.00 | 30.00 | 1275.00 | 60.00 | 1335.00 | 55.00 | 1390.00 | 140.00 | 1530.00 | 51 |
| करूवा BLUE,, 4G | 300 | 70 | 1170.00 | 30.00 | 1200.00 | 55.00 | 1255.00 | 50.00 | 1305.00 | 135.00 | 1440.00 | 48 |
| करूवा लिचि फ्लेवर,फटाफट, एरो(एप्पल फ्लेवर),फटाफट Green/orange, करूवा NIMBU, करूवा पाइनएप्पल | 300 | 70 | 1085.00 | 25.00 | 1110.00 | 50.00 | 1160.00 | 50.00 | 1210.00 | 110.00 | 1320.00 | 44 |
| करूवा ठेकी दुधिया/ब्ल्याक, करूवा दुधिया/ब्ल्याक,पानश दुधिया /ब्ल्याक,एरो दुधिया /ब्ल्याक, 4 STAR | 300 | 70 | 1080.00 | 20.00 | 1100.00 | 50.00 | 1150.00 | 50.00 | 1200.00 | 120.00 | 1320.00 | 44 |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको शोधभर्ना दिन सकिनेछ ।